# ‘राष्ट्रिय उत्कृष्ट कृषक पुरस्कार’ कार्यविधि लागू

## हरेक वर्ष १४ जना किसानलाई सम्मान गरिने

काठमाडौं(जस)-कृषि तथा पशुपन्छी विकास मन्त्रालयले ‘राष्ट्रिय उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२’ लागू गरेको छ । मन्त्रालयका अनुसार राष्ट्रिय उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम अन्तर्गत देशभरका उत्कृष्ट कृषक तथा कृषि उद्यमीलाई सम्मान गर्दै कृषि पेशालाई आकर्षक, सम्मानित र व्यावसायिक बनाउने उद्देश्यले कार्यविधि जारी गरिएको हो ।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ६५ को उपदफा (४) बमोजिम जारी गरिएको उक्त कार्यविधि कृषि तथा पशुपन्छी विकास मन्त्रीको निर्णयअनुसार २०८२ साल मंसिर ७ गतेबाट लागू भएको हो । कृषि पेशामा युवालाई आकर्षण बढाउने लक्ष्यका साथ यो कार्यविधि लागु गरिएको मन्त्रालयले जनाएको छ ।

नेपालको भौगोलिक विविधता र आधुनिक कृषि प्रविधिको उपयोगमार्फत खाद्य तथा पोषण सुरक्षासँगै दिगो आर्थिक वृद्धि सम्भव रहेको उल्लेख गर्दै मन्त्रालयले कृषिलाई उत्पादन, आम्दानी र रोजगारीको मुख्य माध्यमका रूपमा विकास गर्नुपर्ने आवश्यकता औंल्याएको छ। यस कार्यविधिले कृषक र कृषि उद्यमीको योगदानलाई उच्च सम्मान गर्दै उनीहरूको मनोबल बढाउने, कृषि पेशालाई प्रतिस्पर्धी र व्यवसायिक बनाउने लक्ष्य लिएको छ ।




### हरेक वर्ष १४ उत्कृष्ट कृषक सम्मानित

कार्यविधिअनुसार प्रत्येक प्रदेशबाट प्रतिनिधित्व हुने गरी देशभरका विभिन्न जिल्लाका १४ जना उत्कृष्ट कृषकलाई वार्षिक रूपमा सम्मान गरिनेछ । यसबाट कृषि उत्पादन वृद्धि, व्यवसायिक कृषि प्रवर्द्धन र कृषि क्षेत्रमा नयाँ पुस्ताको आकर्षण बढ्ने मन्त्रालयको विश्वास छ ।

### प्रदेशमार्फत छनोट प्रक्रिया

उत्कृष्ट कृषक छनोट प्रक्रिया प्रदेशस्तरबाट सुरु हुनेछ । कार्यविधिको अनुसूची-१ मा उल्लेखित विभिन्न विधाअनुसार प्रत्येक प्रदेशले कम्तीमा दुई विधामा उत्कृष्ट कृषक छनोट गरी मन्त्रालयमा सिफारिस गर्ने व्यवस्था गरिएको छ । यसका लागि केन्द्रमा सहसचिवको संयोजकत्वमा कृषि विभाग, पशु सेवा विभाग र खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागका उपमहानिर्देशकहरू सम्मिलित समिति गठन गरिएको छ। प्रदेश कृषि मन्त्रालयहरूले पौष महिनाको तेस्रो हप्ताभित्र सम्बन्धित प्रदेशका कृषकहरूबाट २१ दिनको सूचना जारी गरी निवेदन संकलन गर्नेछन्। आवश्यक निवेदन नआएमा थप ७ दिनको सूचना प्रकाशन गर्न सकिने व्यवस्था गरिएको छ ।

### कृषकदेखि उद्यमीसम्म लक्षित

कार्यक्रमले देशभर कृषि पेशामा संलग्न कृषक, कृषक समूह, कृषि सहकारी, कृषि फार्म, कृषि व्यवसाय गर्ने कम्पनी, प्राथमिक प्रशोधनकर्ता तथा कृषि उद्यमीलाई लक्षित गरेको छ । बाली, बागवानी, पशुपन्छी, मत्स्य, च्याउ लगायत सम्पूर्ण कृषि उपक्षेत्र यस कार्यक्रमअन्तर्गत समेटिएका छन् । मन्त्रालयका अनुसार यो कार्यविधिले कृषकको सम्मानसँगै कृषि क्षेत्रको समग्र विकास र आर्थिक समृद्धिमा महत्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा गरिएको छ ।

# शेयर बजारमा चुनावी प्रभाव

## नेप्सेमा ४२ अंकको वृद्धि, कारोबार रकम ११ अर्ब नाघ्यो



काठमाडौं(जस)-साताको दोस्रो कारोबार दिन मंगलबार शेयर बजारमा उत्साहजनक सुधार देखिएको छ। देशमा चुनावी माहोल तातिएसँगै लगानीकर्ताको मनोबल उच्च भएर त्यसको प्रत्यक्ष प्रभाव शेयर बजारमा पनि देखिएको हो । अघिल्लो कारोबार दिन आइतबार बढेर बन्द भएको नेप्से परिसूचकले मंगलबार पनि सोही क्रमलाई निरन्तरता दिँदै मजबुत उकालो यात्रा तय गरेको हो ।

मंगलबार नेप्से परिसूचक ४२.२६ अंकले बढेर २७१४.८१ विन्दुमा पुगेको छ । यससँगै सेन्सेटिभ इण्डेक्स ७.८२ अंकले बढेको छ भने फ्लोट इण्डेक्स ३.१९ अंक र सेन्सेटिभ फ्लोट इण्डेक्स २.८७ अंकले उकालो लागेको छ । नेप्से परिसूचकसँगै कारोबार रकममा पनि उल्लेख्य वृद्धि देखिएको छ । आइतबार ८ अर्ब ४० करोड रुपैयाँमा सीमित रहेको बजार मंगलबार ११ अर्ब ८५ करोड ८४ लाख रुपैयाँ नाघेको छ। यस दिन ३३९ स्टकको १ लाख १५ हजार १८१ पटकको कारोबारमा २ करोड ५१ लाख ८५ हजार कित्ता शेयर किनबेच भएको हो ।

यस दिन गोर्खाज फाइनान्सको शेयर मूल्य सकारात्मक सर्किट लेभलमा कारोबार भएको छ । कम्पनीको शेयर मूल्य ५६ रुपैयाँ २० पैसाले बढेर ६१८ रुपैयाँ ३० पैसामा अन्तिम कारोबार भएको हो । त्यस्तै, आँखु खोला जलविद्युत कम्पनीको शेयर मूल्य ८ प्रतिशतभन्दा बढीले बढ्दा राप्ती हाइड्रो एण्ड जनरल कन्स्ट्रक्सनको शेयर मूल्य करिब ८ प्रतिशतले उकालो लागेको छ। यद्यपि, १०.७५ प्रतिशत एसबिएल डिबेञ्चर २०८९ को मूल्य भने यस दिन ४.२३ प्रतिशतले घटेको छ ।

कारोबार रकमका आधारमा मंगलबार एनआरएन इन्फ्रास्ट्रक्चर एण्ड डेभलपमेन्ट शीर्ष स्थानमा रह्यो । कम्पनीको ४० करोड ७९ लाख रुपैयाँबराबरको शेयर कारोबार भएको छ । त्यस्तै, राधी विद्युत कम्पनीको ३९ करोड रुपैयाँभन्दा बढीको शेयर किनबेच हुँदा मञ्जुश्री फाइनान्सको कारोबार रकम ३७ करोड रुपैयाँ नाघेको छ । यस दिन १३ वटै उपसमूहको परिसूचक बढेको छ । जसमध्ये होटल तथा पर्यटन उपसमूह सर्वाधिक ३.३६ प्रतिशतले बढेको छ ।

# सुनचाँदीको मूल्यमा नयाँ रेकर्ड

काठमाडौं(जस)-नेपाली बजारमा मंगलबार सुनचाँदीको मूल्यले नयाँ रेकर्ड बनाएको छ । मंगलबार सुनको मूल्य तोलामा २ हजार ७ सय रूपैयाँ बढेको छ । नेपाल सुनचाँदी व्यवसायी महासंघले मंगलबारका लागि सुन मूल्य प्रतितोला २ लाख ८४ हजार ७ सय रुपैयाँ तोकेको छ। सोमबार सुन प्रतितोला २ लाख ८२ हजार रुपैयाँमा कारोबार भइरहेको थियो। यसैगरी चाँदीको मूल्यले पनि नयाँ रेकर्ड बनाएको छ। अघिल्लो दिन प्रतितोला ५ हजार ८१० रुपैयाँमा कारोबार भएको चाँदी मंगलबार ७० रुपैयाँले बढेको छ । यससँगै चाँदी मंगलबार प्रतितोला ५ हजार ८ सय ८० रुपैयाँ पुगेको छ ।

# चितवनमा पर्यटकको सुरक्षामा विशेष तयारी

काठमाडौं(जस)-प्रतिनिधिसभा निर्वाचन २०८२ नजिकिँदै जाँदा चितवन राष्ट्रिय निकुञ्जले वन्यजन्तु संरक्षणसँगै पर्यटक सुरक्षालाई प्राथमिकतामा राख्दै सुरक्षा सतर्कता बढाएको छ । निर्वाचनका कारण निकुञ्ज आसपास नयाँ मानिसको आवतजावत बढ्ने भएकाले अवाञ्छित गतिविधि रोक्ने र पर्यटकलाई सुरक्षित वातावरण प्रदान गर्ने उद्देश्यले सुरक्षा व्यवस्थामा कडाइ गरिएको हो । निकुञ्ज प्रशासनका अनुसार निर्वाचनको समयमा सुरक्षाकर्मीको ध्यान अन्यत्र मोडिन सक्ने जोखिमलाई मध्यनजर गर्दै विशेष गस्ती र निगरानी प्रणाली सक्रिय गरिएको छ ।

सफारी, जंगल वाक, बोटिङ र होटल-लज क्षेत्रमा सुरक्षा उपस्थिति थप गरिएको छ । सूचना अधिकारी अविनास थापा मगरका अनुसार निर्वाचनको माहोलमा चितवन घुम्न जाने आन्तरिक तथा बाह्य पर्यटकले कुनै असहजता महसुस नहोस् भन्ने व्यवस्था गरिएको छ । पर्यटन चितवनको पहिचान हो भएकाले संरक्षण र पर्यटन दुवैलाई सन्तुलनमा राखेर काम गरिरहेको उनले बताए । नेपाली सेना, निकुञ्ज सुरक्षाकर्मी र स्थानीय समुदायको सहकार्यमा कोर क्षेत्र, मध्यवर्ती क्षेत्र तथा पर्यटकीय रुटहरूमा नियमित गस्ती बढाइएको छ ।

# माथिल्लो त्रिशूली-१ आयोजनाबाट प्रभावितका लागि सीपमूलक तालिम सुरु

काठमाडौं(जस)-काठमाडौं । रसुवा जिल्लामा निर्माणाधीन २१६ मेगावाट क्षमताको माथिल्लो त्रिशूली-१ जलविद्युत आयोजनाले आयोजना प्रभावित समुदायको जीविकोपार्जन सुदृढ गर्ने उद्देश्यसहित सीपमूलक तालिम कार्यक्रम सुरु गरेको छ । आयोजनाबाट पहिलो चरणमा रसुवाको राम्चे, कालिकास्थानलगायतका प्रभावित क्षेत्रका ४० जनालाई तालिम प्रदान गर्न थालिएको हो । आयोजनाको प्रवर्धक नेपाल वाटर एण्ड इनर्जी डेभलपमेन्ट कम्पनी प्रा.लि.ले कालिका गाउँपालिकासँगको सहकार्यमा सञ्चालन गरेको उक्त तालिम कार्यक्रमको मंगलबार कालिका गाउँपालिका वडा नं. १ कार्यालयमा औपचारिक उद्घाटन गरिएको हो ।

आयोजना प्रभावित घरपरिवारको आवश्यकता, माग तथा सम्भावनालाई आधार मानेर २० जनालाई केयर गिभर र २० जनालाई होटल सञ्चालनसम्बन्धी तालिम दिइँदैछ । कम्पनीका अनुसार आगामी चरणमा आयोजना प्रभावित अन्य पालिकाका वडाहरूमा समेत क्रमशः तालिम कार्यक्रम विस्तार गरिनेछ । समग्रमा यस कार्यक्रममार्फत करिब ३७० जना आयोजना प्रभावितलाई विभिन्न सीपमूलक तालिम प्रदान गर्ने लक्ष्य राखिएको छ। तालिम उद्घाटन कार्यक्रममा कालिका गाउँपालिका वडा नं. १ का अध्यक्ष दावा तामाङले मागमा आधारित र वडास्तरमै सञ्चालन गरिएको तालिमले स्थानीय सहभागिता सहज बनाएको बताए। यस किसिमका कार्यक्रमले स्थानीयस्तरमै दक्ष जनशक्ति विकासमा महत्वपूर्ण योगदान पुग्ने उल्लेख गर्दै उनले सहभागीहरूलाई तालिम अवधिभर सक्रिय सहभागिता जनाई प्राप्त सीप व्यवहारमा उतार्न आग्रह गरे ।

कार्यक्रममा नेपाल वाटर एण्ड इनर्जी डेभलपमेन्ट कम्पनी प्रा.लि.का प्रमुख सञ्चालन अधिकृत सङ्गी माले आयोजना प्रभावित घरपरिवारको सामाजिक तथा आर्थिक अवस्था सुदृढ बनाउनेतर्फ कम्पनी प्रतिबद्ध रहेको बताए । उनका अनुसार आयोजनाको सामुदायिक सहयोग कार्यक्रमअन्तर्गत प्रभावित गाउँपालिकालाई एम्बुलेन्स उपलब्ध गराइनुका साथै संस्थागत सामाजिक उत्तरदायित्व र आदिवासी समुदाय योजना कार्यक्रममार्फत शिक्षा, स्वास्थ्य, खानेपानी, सडक पूर्वाधार, संस्कृति संरक्षण, राहत वितरण, जीविकोपार्जन तथा आयआर्जन अभिवृद्धि जस्ता क्षेत्रमा निरन्तर सहयोग हुँदै आएको छ। सन् २०१८ मा गरिएको माग-आधारित मूल्याङ्कनका आधारमा प्रभावित क्षेत्रमा सञ्चालन गरिने तालिम कार्यक्रम तय गरिएको थियो । पछिल्लो अद्यावधिक घरधुरी सर्वेक्षण, द्रुत बजार मूल्याङ्कन तथा स्थानीय माग विश्लेषणका आधारमा हाल ती तालिमहरू परिमार्जन गरिएको कम्पनीले जनाएको छ ।

प्रारम्भिक बाल विकास सहजकर्ता, मेसन, वेटर, बेकरी, कुक, सिलाइकटाइ, ब्युटी पार्लर, हाउसकिपिङलगायतका तालिमहरू समुदायको रुचि र वर्तमान बजार आवश्यकताअनुसार तय गरिएका छन् । यी तालिमहरू रोजगारी, स्वरोजगारी तथा आयआर्जन प्रवर्द्धनमा केन्द्रित रहेका छन् । सरकार र कम्पनीबीच भएको आयोजना विकास सम्झौता (पीडीए) बमोजिम नेपाल रोजगार तथा सीपमूलक तालिम योजना तयार गरी सोहीअनुसार आयोजना प्रभावित क्षेत्रमा कार्यक्रम सञ्चालन गरिएको हो ।

कोरियन कम्पनीहरूको अगुवाइमा प्रत्यक्ष वैदेशिक लगानीमार्फत निर्माण भइरहेको माथिल्लो त्रिशूली-१ आयोजना रसुवाको आमाछोदिङमो गाउँपालिका-१ हाकु क्षेत्रमा बाँधलगायत संरचना तथा उत्तरगया गाउँपालिका-१ मा भूमिगत विद्युतगृह निर्माणाधीन अवस्थामा छ। आन्तरिक खपतका लागि उत्पादन हुने यो आयोजना प्रत्यक्ष वैदेशिक लगानीमा निर्माणाधीन नेपालको सबैभन्दा ठूलो जलविद्युत आयोजना हो । आयोजनाको मुख्य निर्माण कार्य २०७८ साल पौष महिनादेखि सुरु भएको हो । हाल भूमिगत विद्युतगृह, मुख्य सुरुङ, बाँधलगायत संरचनाहरू तीव्र गतिमा निर्माण भइरहेका छन् । आयोजनाको समग्र भौतिक प्रगति ७४ प्रतिशत पुगेको छ भने निर्माण कार्य २०८३ साल मंसिरभित्र सम्पन्न गर्ने लक्ष्य राखिएको छ ।

# मेची भन्सारबाट छ महिनामा २५ अर्ब तीन करोडको सामग्री आयात

काठमाडौं(जस)-चालु आर्थिक वर्ष २०८२/८३ को पुस मसान्तसम्ममा पूर्वीनाका काँकरभिट्टाबाट रु २५ अर्ब तीन करोड ६६ लाख मूल्य बराबरका मालवस्तु आयात भएका छन् ।गत आव २०८१/८२ को सोही अवधिको तुलनामा रु एक अर्ब ९३ करोड ७८ लाख अर्थात् आठ दशमलव ३९ प्रतिशतले आयात बढेको मेची भन्सार कार्यालयका सूचना अधिकारी एवं भन्सार अधिकृत ईश्वरकुमार हुमागाईंले जानकारी दिए । उनका अनुसार गत आवको पहिलो छ महिनामा रु २३ अर्ब नौ करोड ८८ लाख बराबरको वस्तु तथा सामान आयात भएको थियो ।

चालु आवको पहिलो छ महिनामा यो नाकाबाट हुने निर्यात घटेको छ। उक्त अवधिमा रु १३ अर्ब ६७ करोड ३७ लाख मूल्य बराबरको सामान विभिन्न मुलुक निर्यात भएको थियो । गत आवको सोही अवधिमा रु १३ अर्ब ८४ करोड चार लाखको वस्तु तथा सामान निर्यात भएको थियो । यो नाकाबाट हुने निर्यात एक दशमलव २० प्रतिशतले घटेको कार्यालयका सूचना अधिकारी हुमागाईंले बताए ।

पूर्वीनाकाबाट निर्यात हुने मुख्य वस्तुमा अलैंची, चिया, प्लाइउड, भेनिउर सिट, छुर्पी, अम्रिसो, अदुवा, सुठो, मुसुरो, काउली, बन्दागोपी, ब्रोकाउली, जडीबुटीलगायत रहेका छन् भने आयात हुने मुख्य मालवस्तुमा पेट्रोलियम पदार्थ, तयारी कपडा, तरकारी, यातायातका साधन र तिनका पाटपुर्जा, तरकारी, सिमेन्ट क्लिङ्कर, शृङ्गारका सामान, कफी, प्लास्टिकका कच्चा पदार्थ, अलकत्रा बिटुमिनलगायत रहेका छन्। कार्यालयको तथ्यांकअनुसार चालु आवको पुस मसान्तसम्ममा आयात निर्यातबाट रु आठ अर्ब ४० करोड ९१ लाख ९६ हजार राजस्व संकलन भएको छ ।

## सुचना ! सुचना ! ! सुचना ! ! !

यस मन्जुश्री ओभर्सिस् सर्भिस् प्रा.लि.को नाम र यस कार्यलयको परिचय-पत्र प्रयोग गरि केहि व्यक्तिहरुले सोझा कामदारहरुबाट अनावश्यक डकुमेन्ट तथा नगद उठाएको कुरा जानकारीमा आएकोले सम्पूर्ण बैदेशिक रोजगारमा जाने कामदारहरुमा जानकारी गराउन चाहन्छौ कि यस मन्जुश्री ओभर्सिस सर्भिस प्रा.लि.ले कुनै पनि व्यक्तिको लागि परिचय-पत्र उपलब्ध गराएको छैन र कुनै पनि व्यक्तिहरुले आफ्नो मनोमानी यस संस्थाको परिचय-पत्र बनाउने, संस्थाको लोगो, छाप तथा संचालकको हस्ताक्षरको प्रयोग गर्ने कार्य गरेको सुन्नमा आएको हुदाँ उक्त व्यक्तिहरुलाई यसो नगर्नहुन यसै सुचना मार्फत सुचित गराउदछौ यदि अटेर गरि उक्त कार्य गरेको पाईएमा कानुन बमोजिम कडा कारवाहि गरिनेछ । यस कार्यालयले कुनै पनि व्यक्तिलाई एजेन्ट नराखेको हुँदा बैदेशिक रोजगारमा जाने कामदारहरुले कुनै पनि व्यक्तिहरुले यस संस्थाको नामको क्ष्म ऋबचम, ख्कक्ष्तष्लन ऋबचम देखाई बैदेशिक रोजगारीमा प्रयोग हुने राहदानी तथा अन्य कुनै कागजात तथा नगदको कारोवार गर्न खोजे, नगर्न अनुरोध गर्दछौं । यदि कुनै पनि कामदारले यस्तो काम गरेमा कामदार स्वयं आफै जिम्मेवार हुनु पर्नेछ र यस मन्जुश्री ओभर्सिस् सर्भिस प्रा.लि.ले कुनै पनि प्रकारको जिम्मा नलिने व्यहोर जानकारी गराउदछौं ।

**मन्जुश्री ओभर्सिस् सर्भिस् प्रा.लि.**
**काठमाडौ**

## कालिका नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

रेडक्रसग्राम, चितवन

## शिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना

(सूचना प्रकाशन मिति: २०८२-१०-०७)

यस कालिका नगरपालिकावाट तपसिलमा उल्लेखित मितिमा प्रकाशित शिलबन्दी दरभाउपत्र आब्वान सूचनाको म्याद भित्र पर्न आएका शिलबन्दी दरभाउपत्रहरुको मूल्यांकन हुँदा न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही तपसिल अनुसारको दरभाउपत्र स्वीकृतिका लागि पेश भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) र (३) प्रयोजनका लागि बोलपत्र स्वीकृत गर्ने आशयको ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ ।

| S.N. | Bid IFB No. | Name of Projects | Date of Second Notice Publication | Quoted Amount with VAT (NRs.) | Name of Lowest Evaluated Substantially Responsive Bidder | Remarks |
|---|---|---|---|---|---|---|
| 1. | 16/Works/SQ/KM/2082/083 | **Maintenance of Ward 5 Building of Kalika Municipality** | २०८२-०९-१८ (2nd January, 2026) | **12,96,946.15** | **Karuna Nirman Sewa, Kalika-06, Chitwan** | |

**प्रमुख प्रशासकीय अधिकृत**